अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विदेह नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ३ मिति : २०७८/०२/३०

## भाग-२

## विदेह नगरपालिकाको रसायनिक मल निर्देशिका, २०७८

विदेह नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।०२।३०

**प्रस्तावना:** विदेह नगरपालिका अन्तर्गतका रसायनिक मल व्यवसायिलाई व्यवस्थापन गर्नका लागि विदेह नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ बमोजिम यो निर्देशिका बनाउन बाञ्छनिय भएकोले यो निर्देशिका जारी गरिईएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम “विदेह नगरपालिकाको रसायनिक मल निर्देशिका, २०७८” रहेको छ ।

(२) यो निर्देशिका स्थानिय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. k1/e fiff Mबिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्दछ ।

(ख) "आदेश" भन्नले रासायनिक मल (नियन्त्रण) आदेश ,२०५५ र रासायनिक मल (नियन्त्रण) (पहिलो संसोधन) आदेश, २०५७ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाल नेपाल सरकार, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले यस विदेह नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "इकाई" भन्नाले भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत रहेको रासायनिक मल इकाईलाइ सम्झनु पर्दछ ।

(च) "निरिक्षक" भन्नाले नगरपालिका भित्र रसायनिक मल बिक्रिवितरण गर्दा कुनै व्यक्ति वा संस्था त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको विपरीत कुनै काम कारबाही गरेको छ छैन निरिक्षण गर्ने व्यक्तीलाई बुझाउछ ।

(छ) "कार्यालय" भन्नाले विदेह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तिनकौरिया, धनुषा लाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## रासायनिक मल बिक्रेताहरुको इजाजत पत्र दर्ता तथा नविकरण सम्बन्धि व्यवस्था

३. **इजाजत पत्रका लागि आवेदन दिनुपर्ने :** (१) यस नगरपालिका भित्र रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यवसायी संस्थाले आफ्नो नाम दर्ता गराउन निर्देशिकाको अनुसूचीरु१ बमोजिमको ढाँचामा निवेदन दस्तुर बापत रु.१००/नगरपालिकाको राजस्व खातामा दाखिला गरेको भौचर सहित यस नगरपालिका कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) यस अघि जिल्ला कृषि विकास कार्यालयमा दर्ता गराई सकेकाहरुले समेत यस निर्देशिका अनुरुप दर्ता गराउनु पर्नेछ ।



CamScanner

(३) उपदफा (१) बमोजिम रासायनिक मल बिक्रेताको दर्ताको लागि निवेदन दिने "व्यक्ति" नेपाली नागरीक र साधारण लेखपढ गर्नजान्ने हुनु पर्नेछ ।

४. **दर्ता तथा इजाजत पत्रको प्रमाण पत्र :** (१) निवेदन प्राप्त भएपछि ७ दिन भित्र विदेह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तिनकौरियामा व्यवसाय दर्ता गरिसकेपछि मात्र नगरपालिकाले अनुसूचीरु२ बमोजिम ढाचामा रासायनिक मल बिक्रेताको इजाजत पत्र दिनुपर्नेछ। तर दर्ता गर्न नसकिने कुनै कारणहरु भए सो व्यहोरा खुलाई लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ। जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका व्यवसायिले पुन: यस निर्देशिका अनुसार दर्ता गरेपछि मात्र कारोबार गर्न इजाजत दिइनेछ ।

(२) दर्ता भएका रासायनिक मल बिक्रेताहरुको विवरण नगरपालिकाको कार्यालयले अनुसूची ३ बमोजिमको ढाँचामा सम्बन्धित भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार र कृषि सामाग्री कम्पनी लिमिटेड, काठमाण्डौंलाई पठाउनु पर्नेछ ।

(३) बिक्रेताहरुले नगरपालिकाको कार्यालयमा दर्ता गराए पश्चात रासायनिक मल खरिद सम्बन्धमा बिक्रेता स्वयंले पैठारीकर्ता संग समन्वय राखी व्यवस्थापन गर्नुपर्नेछ । बिक्रेताहरुलाई रासायनिक मल उपलब्ध गराउने जिम्मेवारी दर्ता गर्ने कार्यालयको हुने छैन ।

(४) बिक्रेताहरुले रासायनिक मलको मूल्य सूची तथा मलको विवरण (किसिम र श्रोत) सबैले देखने ठाउँमा टाँस गर्नु पर्नेछ ।

५. **रासायनिक मलको कारोबारको स्थिति पेश गर्नुपर्ने :** नगरपालिकामा दर्ता भएका सबै बिक्रेताहरुले आ-आफ्नो चौमासिक कारोबारको स्थिति अनूसूची ४ बमोजिमको ढाँचामा नगरपालिकाको कृषि शाखा समक्ष पेश गर्नु पर्नेछ।

६. **दर्ता नविकरण सम्बन्धमा :** (१) दफा ५ बमोजिमको प्रमाणपत्रको अवधि १ वर्षको हुनेछ । दर्ता भएका बिक्रेताहरुले यस्तो प्रमाणपत्र सुरक्षित साथ सबैले देखने ठाउँमा झूडंयाउनु पर्नेछ। बिक्रेताहरले दर्ताको म्याद भुक्तान हुनुभन्दा कम्तिमा पैंतिस दिन अगावै रु.१५००।- नविकरण दस्तुर बापत नगरपालिकाको राजस्व खातामा दाखिला गरी सो को बैंक भौचर सहित बिक्रेताको प्रमाणपत्रको नविकरण गराउन नगरपालिकाको कृषि शाखामा अनूसूची ५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।



CamScanner

(२) उपदफा (१) बमोजिमको ढाँचामा नगरपालिकाको कृषि शाखामा नियमित रुपमा चौमासिक कारोबारको स्थिति, प्रगति पेश गर्ने गरेको ।

(क) अनुसूची ४ बमोजिमको ढाँचामा नगरपालिकाको कृषि शाखामा नियमित रुपमा चौमासिक कारोबारको स्थिति, प्रगति पेश गर्ने गरेको ।

(ख) अनाधिकृत श्रोतहरुबाट प्राप्त रासानिक मल बिक्री वितरण गर्ने गरेको वा न्यनस्तरको रासायनिक मल बिक्री वितरण गरेको सम्बनधमा कार्यबाहीमा नपरेको ।

(३) नविकरणको अवधि १ बर्षको हुनेछ ।

(४) उपदफा (१) मा तोकिएको म्याद भित्र नविकरण नगराएमा बिक्रेताले प्रमाणपत्रको म्याद समाप्त भएको मितिले तीस दिनभित्र नविकरण गराउन चाहेमा नवीकरण दस्तुर वापत २५००।- रुपैयाँ राजस्व दाखिला गरी सोको निस्सा सहित अनूसूची ५ बमोजिमको ढाँचामा नगरपालिकाको कृषि शाखाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (३) र ४ बमोजिम नविकरणका लागि निवेदन दिने बिक्रेताहरुले दर्ताको प्रमाणपत्रको अवधि समाप्त भएपछि पुन:नविकरण नभएसम्म रासायनिक मल बिक्री वितरण गर्न पाईने छैन ।

७. **दर्ता खारेजी :** (१) नयून स्तरको रासायनिक मल बिक्री वितरण गरेको पाएमा निरिक्षकले बिक्रेताको दर्ता खारेजीको लागि नगरपालिकाको कृषि शाखा समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ। दर्ता खारेजिको सम्बन्धमा निर्णय गर्नु अगाडी बिक्रेतालाई आफ्नो स्पष्टीकरण दिने अवसर प्रदान गर्नु पर्नेछ ।

(२) दर्ता खारेजिको सम्बन्धमा नगरपालिकाको कृषि शाखाको कार्यालयको निर्णयमा चित्त नबुझे सम्बन्धित बिक्रेताले सम्बन्धित आर्थिक बिकास समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनमा सम्बन्धित आर्थिक विकास समितिको निर्णय अन्तिम हुनेछ ।

(४) न्यूनस्तरको रासायनिक मल बिक्री गरेको बापतमा बिक्रेताको दर्ता खारेजी हुँदैमा ऐन बमोजिम हुने अन्य सजाय तथा कार्यबाहीलाई असर पार्ने छैन ।



CS CamScanner

८. **निरिक्षकको काम कर्तव्य र अधिकार :** रासायनिक मलको बजार तथा आपुर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने प्रयोजनको लागि निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ। :

(क) रासायनिक मलको उत्पादन, पैठारी वा बिक्री वितरण नियमित र नियन्त्रण।

(ख) रासायनिक मलको उत्पादन,सम्मिश्रण, बिक्री वितरण वा संचय हुने नियन्त्रण स्थानमा कुनै पनि मनासिव समयमा प्रवेश गरी रासायनिक मल वा रासायनिक मल उत्पादन वा सम्मिश्रण गर्न प्रयोग गरिने वस्तु वा अन्य सम्बन्धित वसतुका बिना मुल्य नमुना लिने।

(ग) रासायनिक मलको उत्पादन , पैठारी, बिक्री वितरण वा संचिति सम्बन्धी कुनै अभिलेख ,विवरण वा कागजात सम्बनिधत उतपादन, पैठारीकर्ता तथा डिलरबाट दाखिला गराउने वा प्रतिलिपि लिने।

(घ) कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको विपरित कुनै काम कारबाही गरेको छ भन्ने उजुरी वा सूचना प्राप्त भएमा त्यसको छानविन गर्ने।

९. **कार्याविधिको व्याखा :** यो निर्देशिकाको अन्तिम व्याख्या कार्यापालिकाले गर्नेछ।

१०. **कार्यविधि संशोधनः** यो निर्देशिका प्रावधानहरुमा कार्यपालिकाले कार्यविधिमा संसोधन गर्न सक्नेछ।

११. **बाधा अडचन फुकाउः** स्थानिय सरकार संचानल ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ।

CamScanner

अनुसूची १

दफा ३ को (१) संग सम्बन्धित

रासायनिक मल बिक्री वितरणको लागि दर्ता गर्न नगरपालिकाको कृषि शाखामा पेश गर्नुपर्ने निवेदन र विवरणको ढाँचा

मिति :...............

श्रीमान् प्रमुख ज्यू ,

बिषय : रासायनिक मल बिक्रेताहरुको सूचीमा दर्ता गराई पाउँ भन्ने बारे ।

मैले/मेरो फर्म/संस्थाले हाल यस जिल्लामा रासायनिक मल खरिद बिक्री कार्य गर्दै आएको/शुरु गर्ने भएको हुादा संलग्न विवरणहरु सहित रासायनिक बिक्रेताको रजिष्ट्रेशनका लागि अनुरोध गर्दछु ।

निवेदक

नाम :

सही :

रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेण्टले आफ्नो नाम दता गराउनका लागि विवरण भर्नुपर्ने फारमको ढाँचा

१. पर्म वा संस्थाको नाम
२. स्थापना मिति :
३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबनधक आदि )
४. नागरिकता व्यक्तिको हकमा :
५. संस्था रहेको ठाउँको ठेगाना : जिल्ला,न.पा.वा गा.पा.टोलको नाम, वडा नं.
६. संस्थाको किसिम (चिन्ह लगाउने) निजि/साझेदारी/अर्धसरकारी/सरकारी
७. रासानिक मल बिक्री वितरण शुरु गरेको बर्ष/मिति
८. यस अधि कुनै सरकारी निकायमा पहिले रजिष्ट्रेशन (दर्ता) गराएको भए, त्यसको

क) दर्ता मिति :

ख) दर्ता गर्ने कार्यालयको नाम :

ग) दर्ता नम्बर :

घ) कारोबारको किसिम :

९. कारोबारको किसिम (हालको) चिन्ह लगाउने

क) रासानिक मल मात्र

ख) रासायनिक मल र बाली संरक्षण बिषादी

ग) रासायनिक मल, बाली संरक्षण र कृषि औजार

घ) रासायनिक मल, बाली संरक्षण बिषादी र किराना सामान समेत

१०. गोदाम व्यवस्था : भएको/नभएको

११. हाल बिक्री बितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने)

क) यूरिया ख) डि.ए.पी.

ग) पोटास घ) एमोनियम सल्फेट

ङ) अन्य कुनै भए त्यसको नाम दिने

१२. हाल रासायनिक मलहरु कहाा बाट र कोबाट खरिद गरी ल्याउने गर्नु भएको छ :

नाम र ठेगाना :

अनूसूची-२
दफा ४(१) संग सम्बन्धित
रासायनिक मल बिक्रेताहरुको रजिष्ट्रेशन गरेपछि नगरपालिकाले सम्बन्धित बिक्रेतालाई दिने रजिष्ट्रेशन प्रमाण पत्रको ढाँचा
विदेह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,
कृषि शाखा

मिति ............

श्री................................,
(व्यक्ति,फर्म वा स.स्थाको नाम)

बिषय : रासायनिक मल बिक्रेताको सुचमिा दर्ता गरिएको ।

तपाईले यस कार्यालयमा रासायनिक मल बिक्रेताको सूचीमा दर्ता गर्ने मिति .....................मा दिनु भएको निवेदन अनुसार यस नगरपालिकामा रासायनिक मलको बिक्रेताहरुको सूचीमा प्रचलित नियम कानुनको परिधि भित्र रहि आधिकारिक श्रोतबाट मात्र रासायनिक मलको कारोबार गर्ने शर्तमा तपाईको त्यस फर्म/संस्थाको नाम समावेश गराई काम गर्न इजाजत दिइएको व्यहोरा सहर्ष जानकारी गराउदछौं । यसै साथ संलग्न ढाचाबमोजिम आफ्नो कारोबारको चौमासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

हसताक्षर:
नाम:
पद:
मिति:

CamScanner

## नविकरण सम्बन्धमा

फर्म वा स.स्थाको नाम :

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकृतको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |



CamScanner

# अनुसूची-३

## दफा ४ (२) संग सम्बन्धित

## (दर्ता गरिएका रासायनिक मल बिक्रेताहरुको लगत बनाउने फर्मेटको नमूना)

## विदेह नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनुषा

## कृषि शाखा

| दर्ता नं. | प्रोपाईटर वा आधिकारिक व्यक्तिको नाम | न.पा. मा दर्ता मिति | रासानिक मल कारोबारमा संलग्न डिलर,फर्म वा स.स्था | | | | किसिम निजि,सरकारी, अर्ध सरकारी | रासायनिक मल कारोबारमा संलगन भएको मिति | रासायनिक मल बाहेक विषादी पनि बिक्री वितरण गर्ने गरेको छ/छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | यस अघि कुनै कार्यालयमा दर्ता भैसकेको भए दर्ता गर्ने कार्यालयको नाम | ठेगाना | स्थापना | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेको नाम

पद :

दस्तखत :

मिति :

# अनुसूची-४

## दफा ५ स.ग सम्बन्धित

## बिक्रेताहरुले पेश गर्नुपर्ने रासायनिक मल कारोबारको चौमासिक प्रतिवेदनको ढाँचा

## विदेह नगरपालिका

## नगर कार्यपासलकाको कार्यालय, धनुषा, कृषि शाखा

बिक्रेता/संस्थाको नाम :

ठेगना :

| क्र.सं. | विवरण | परिमाण संख्या ५० के.जी. बोरा | कैफियत |
|---|---|---|---|
| १. | गत चौमासिकको मौज्दात | | |
| | १.१ युरिया | | |
| | १.२ डि.ए.पी. | | |
| | १.३ पोटास | | |
| | १.४ अन्य | | |
| २. | यस चौमासिकको खरिद | | कुन संस्था/व्यक्तिबाट खरिद गरेको हो खुलाउने |
| | २.१ युरिया | | |
| | २.२ डि.ए.पी. | | |
| | २.३ पोटास | | |
| | २.४ अन्य | | |
| ३. | यस चौमासिकको बिक्री | | |
| | ३.१ युरिया | | |
| | ३.२ डि.ए.पी. | | |
| | ३.३ पोटास | | |
| | ३.४ अन्य | | |
| ४. | मौजाद | | |
| | ४.१ युरिया | | |
| | ४.२ डि.ए.पी. | | |
| | ४.३ पोटास | | |
| | ४.४ अन्य | | |
| ५. | बिक्री मूल्य | | |
| | ५.१ युरिया | | |
| | ५.२ डि.ए.पी. | | |
| | ५.३ पोटास | | |
| | ५.४ अन्य | | |

पेश गर्नेको नाम र दस्तखत :



CamScanner

## अनुसुची-५
### दफा ७ (१) सँग सम्बन्धित
### रासायनिक मल बिकेताहरुले नविकरणको लागि पेश गर्नुपर्ने निवेदन र विवरणको ढाँचा

मिति : ..............

श्रीमान् प्रमुख ज्यू ,

विषय : नविकरण गरी पाउ ।

मैले /मेरो फर्म /संस्थाले हाल सम्म यस नगरपालिकामा रासायनिक मल बिकेताको रुपमा त्यस कार्यालयमा मिति .................... मा दर्ता भई कारोबार गर्दै आएको हादा संलग्न विवरणहरु सहित नविकरणको लागि अनुरोध गर्दछु ।

निवेदक,<br>
नाम :<br>
सहि :

रासायनिक मल बिकेताको नविकरणका लागि पेश गर्नु पर्ने विवरण

१. फर्म वा संस्थाको नाम :

२. स्थापना मिति :

३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धक आदि)

४. नागरिकता व्यक्तिको हकमा

५. संस्था रहेको ठाउँको ठेगाना : जिल्ला, नगरपालिका वा टोलको नाम, वडा न

६. संस्थाको किसिम (चिन्ह लगाउने) : निजि/साझेदारी/अर्धसरकारी/सरकारी

७. रासायनिक मल बिक्री वितरण शुरु गरेको वर्ष /मिति :

८. यस अघि कुनै सरकारी निकायमा पहिलो रजिष्ट्रेशन (दर्ता) गराएको भए ,त्यसको

क) दर्ता मिति :

ख) दर्ता गर्ने कार्यालको नाम :

ग) दर्ता नम्बर :



CamScanner

९. गोदाम व्यवस्था : भए/नभएको

१०. हाल बिक्री वितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने)

(क) यूरिया (ख) डि.ए.पी. (ग) पोटास (घ) एमोनिया

(घ) एमोनियम सल्फेट (ङ) अन्य

कुनै भए त्यसको नाम दिने

११. हाल रासायनिक मलहरु कहाँबाट र कोबाट खरिद गरी ल्याउने भएको छ।

नाम र ठेगाना :

निवेदक को नाम :

दस्तखत :